# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

**Nepal Rastra Bank र Bank of China / China Construction Bank (CCB) का पदाधिकारीसँग विविध विषयमा छलफल ।**




गभर्नर डा. युवराज खतिवडाको चीन भ्रमणको अवसरमा गभर्नर डा. खतिवडा र बैंक अफ चाइनाका प्रेसिडेन्ट Mr. Chen Siqing र China Construction Bank का प्रेसिडेन्ट Mr. Zhang Jianguo सँग नेपालमा बैकिङ्ग सेवा विस्तार गर्न उपरोक्त बैंकहरुलाई शाखा वा सहायक कम्पनी नेपालमा स्थापना गर्न अनुरोध गर्नुका साथै यसका लागि नेपाल राष्ट्र बैंकबाट आवश्यक सहयोग प्रदान गर्ने जानकारी गराउनु भयो । साथै उक्त बैंकका प्रेसिडेन्टहरुले यस सम्बन्धमा आवश्यक अध्ययन भैरहेको र नेपालमा बैकिङ्ग सेवा विस्तार गर्न अत्यन्त इच्छुक रहेको र यस कार्यलाई उच्च प्राथमिकता समेत राखिएको जानकारी गराउनु भयो । साथै, गभर्नर डा. खतिवडाले नेपालका केही वाणिज्य बैंकहरुसंग **China Construction Bank** ले जारी गरेको बैंक ग्यारेन्टीका सम्वन्धमा समाधान हुन वांकी रहेको विषयमा राखेको जिज्ञासाका सम्बन्धमा **CCB** का प्रेसिडेन्टले यस विषयलाई गम्भिरतापूर्वक लिएको तथा समस्या समाधानका लागि चीनस्थित सम्बन्धित कम्पनीका प्रमुख कार्यकारी अधिकृतसँग अविलम्व यस विषयमा छलफल गरी समाधानको पहल गर्ने प्रतिबद्धता समेत जनाउनुभयो ।



छलफलका अवसरमा गभर्नर डा. युवराज खतिवडाका साथ नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक श्री भिष्मराज ढुंगाना, निर्देशक श्री राजेन्द्र पण्डित र वित्तीय जानकारी इकाईका निर्देशक श्री मुकुन्द महतको समेत सहभागिता रहेको थियो ।

२०७१ पुस ११ गते शुक्रबार

गभर्नरको कार्यालय